नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तम्घास, गुल्मी

फोन नं. ०७९-५२०१३३ प्र.जि.अ.
फोन नं. ०७९-५२०२४२/५२०८३३
फ्याक्स नं.०७९-५२०२८४
daogulmi2046@gmail.com
**noticeboard 1618079520833**
daogulmi.moha.gov.np
facebook.com/daogulmi

मितिः-२०७७/०२/३०

## जिल्ला प्रशासन कार्यालय, गुल्मीको अत्यन्त जरुरी सूचना !

कोभिड- १९ संकट व्यवस्थापन केन्द्र (CCMC), गुल्मीको आज मिति २०७७।०२। गतेका दिन 30 कोभिड- १९ संकट व्यवस्थापन केन्द्र (CCMC), गुल्मीका संयोजक प्रमुख जिल्ला अधिकारी श्री भरतकुमार शर्माज्यूको अध्यक्षतामा बसेको बैठकले तपशिलबमोजिम निर्णय गरेको हुँदा सर्वसाधारण सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल :

१) दुई मिटरको सामाजिक दूरी कायम गर्ने, मास्क प्रयोग गर्ने, पटकपटक साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने लगायतका जनस्वास्थ्यका मापदण्ड र सुरक्षाका मापदण्ड अनिवार्य रुपमा पालना गर्ने गरी यस गुल्मी जिल्लामा देहायबमोजिम सञ्चालन गर्ने :-

क. स्वास्थ्यसँग सम्बन्धित सबै सेवा (निजी क्लिनिकसमेत)- २४ सै घण्टा,

ख. सबै प्रकारका कृषि र पशुपन्छी व्यवसाय (उत्पादनदेखी विक्री वितरणसम्मका सबै श्रृङ्खला),

ग. उद्योग, व्यापार, व्यवसाय, पसल, डिपार्टमेन्ट स्टोर (बिहान १० बजेदेखी साँझ ५ बजेसम्म),

घ. सबै प्रकारका ढुवानी,

ङ. पैदल आवागमन, साइकल र मोटरसाइकल (चालक १ जना मात्र रहने गरी ),

च. निजी सवारी साधन चालकसहित थप २ जनासम्म मात्र सवार हुनेगरी जोर बिजोर प्रणालीमा (मिति २०७७/०२/३१ गते विजोर नं.को सवारी साधन, २०७७/०२/३२ गते जोर नं. का सवारी साधन र त्यसपछि निरन्तर रुपमा बिजोर, जोर प्रणाली बमोजिम सञ्चालन हुने),

छ. फोहोरमैला व्यवस्थापन, विद्युत, दमकल, एम्बुलेन्स, सञ्चार तथा प्रसारण, हुलाकसम्बन्धी सेवा,

ज. नर्सरी र वनजन्य उद्यम,

झ. विकास आयोजना (निजी क्षेत्रबाट प्रवर्दितसमेत), निर्माण कार्य (निजी समेत), नदी तथा खानीजन्य पदार्थ उत्खनन, सङ्कलन, ढुवानी र विक्री वितरण,

ञ. रेष्टुरेन्टबाट हुने प्याकिङ तथा टेक अवे सेवा, क्वारेन्टाइनका लागी तोकिएका होटल र यातायातका साधन,

ट. सरकारी कार्यालय, शिक्षण संस्थाका कार्यालय, गैरसरकारी तथा निजी क्षेत्रका कार्यालय र बैक तथा वित्तिय संस्था, सहकारी र बीमा सेवाहरुसमेत (बिहान १० बजेदेखी साँझ ५ बजेसम्म),

भरतकुमार शर्मा
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तम्घास गुल्मी

फोन नं. ०७९-५२०१३३ प्र.जि.अ.
फोन नं. ०७९-५२०२४२/५२०८३३
फ्याक्स नं.०७९-५२०२८४
daogulmi2046@gmail.com
**noticeboard 1618079520833**
daogulmi.moha.gov.np
facebook.com/daogulmi

ठ.सार्वजनिक तथा जोर बिजोर प्रणालीमा सञ्चालन हुने गरी निजी सेवाप्रदायक कार्यालयका श्रमिक तथा कर्मचारी ओसारपसार गर्न प्रयोग गरिने सवारी साधन (सीटको एक लहरमा एक जना यात्रु मात्रै राख्ने, सबै यात्रुले अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, स्यानिटाइजरको व्यवस्था गर्ने, सवारी साधनलाई दैनिक निसंक्रमित गर्ने ),

*नोटः बुदाँ नं . ट र ठ बमोजिमको व्यवस्था २०७७ असार १ गतेदेखी र अन्य व्यवस्था तत्काल प्रारम्भ भई २१ दिनसम्म रहनेछ ।*

**२. देहायबमोजिमका सेवा र कार्यहरु हाललाई सञ्चालन नगर्ने:-**

क. शैक्षिक संस्थाहरु (विद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम केन्द्र),

ख. अनुमतीप्राप्त बाहेकका अन्तर्राष्ट्रिय तथा आन्तरीक उडानहरु,

ग. तोकिएबाहेकका अन्तर्राष्ट्रिय सीमा नाकाबाट हुने आवतजावत,

घ. सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार,

ङ. सबै प्रकारका प्रदर्शन, भेला तथा सम्मेलन,

च. सिनेमा हल, पार्टी प्यालेस, डान्सवार लगायतका मनोरञ्जन स्थल,

छ. सार्वजनिक पुस्तकालय, सङ्ग्रालय, चिडियाखाना,

ज. स्पा, सैलुन तथा ब्युटी पार्लर,

झ. स्विमिङ पुल, जिमखानालगायत हेल्थ क्लब,

ञ. सपिङ मल,

ट. समूहमा खेलिने खेलकुद र खेलमैदानमा हुने प्रस्तुति,

ठ. सबै प्रकारका धार्मिक तथा सामाजिक स्थल,

ड. यात्रुबाहक सार्वजनिक सवारी साधन (पर्यटन सवारी साधनसमेत),

ढ. काठमाण्डौ उपत्यकाको हकमा काठमाण्डौ उपत्यकाभित्र र अन्य जिल्लाको हकमा सम्बन्धित जिल्लाभित्र मात्र जोर बिजोर प्रणालीमा सञ्चालन हुने निजी सवारी साधन बाहेक अन्य निजी सवारी साधन ।

०७७/२/३०
भरतकुमार शर्मा
प्रमुख जिल्ला अधिकारी